# चामुण्डाविन्द्रासैनीनगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध ,दैलेख

चामुण्डा विन्द्रासैनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जम्बुकाँध, दैलेख कर्णाली प्रदेश, नेपाल २०७३

पत्र संख्या :
चलानीनम्बर:

कर्णालीप्रदेश ,नेपाल
मिति : २०७५।१०।१३

**विषय:वोलपत्रआव्हानगरिएको सूचना ।**
प्रथमपटकप्रकाशितभएको मिति २०७५।१०।१३

यस चामुण्डाविन्द्रासैनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय ,जम्बुकाँध दैलेखले आर्थिक वर्ष २०७५।७६ को कार्यक्रमअनुसार यस नगरपालिकाको वार्ड नं.१ देखि ९ मा विधुत लाईन विस्तार कार्यक्रम भएकोले योग्य ईच्छुक, फर्म, संस्था वा कम्पनीहरुबाट देहाय बमोजिमको विवरण उल्लेखगरि यो वोलपत्रको सूचना आव्हान गरिन्छ ।

**तपसिल**

१) सिलवन्दी वोलपत्र फाराम पाईने स्थान र दस्तुर : चामुण्डाविन्द्रासैनी नगरपालिकाको कार्यालय, जम्बुकाँध दैलेख, दस्तुर रु ३000।00

२) सिलवन्दी वोलपत्रको साथमा कवोल अंकको २.५ प्रतिशतले हुने जमानत वापत धरौटी रकम नेपाल एसविआई बैंक ,शाखा कार्यालय चामुण्डा स्थित यस चामुण्डाविन्द्रासैनी नगरपालिका जम्बुकाँध दैलेखको धरौटी खाता नम्बर (ग३) **४१२९५२४१२०७००२** मा जम्मा गरेको सक्कल वैक भौचर वा सो रकम बरावरको मान्यताप्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममाजारी गरिएको कम्तिमा १२० दिनसम्मको मान्यभएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

३) यो सूचना सार्वजनिक भएको मिति **२०७५।११।१३** गते सम्म वोलपत्रफाराम सम्बन्धित निर्माण व्यावसायी वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको निर्माण व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, अधावधिक नविकरण फर्म, सँस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिबृद्धि करमादर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाण पत्र,आर्थिक वर्ष ०७४।७५ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको पत्र सहितआ.व.०७३।७४ को कर चुक्ता प्रमाणपत्र पेश गरे पछि सिलवन्दीवोलपत्र फाराम यस कार्यालयबाट उपलब्ध गारईनेछ ।

४) खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु (केरमेट नगरिटिपेक्स नलगाई केरमेट गर्नु परेमा सहीछापगरि) स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरि लाहा सिलवन्दी गरिएको दरभाउपत्र यस चामुण्डाविन्द्रासैनी नगरपालिकाको कार्यालय जम्बुकाँध ,दैलेखमा मिति **२०७५।११।१४** गते दिनको दिउँसो १२:०० वजेभित्र बुझाउनु पर्नेछ ।

५) तोकिएको समयभित्र पेश भएका सिलवन्दीवोपत्रहरु वोलपत्र दाता वा निजहरुको प्रतिनिधि तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमामिति **२०७५।११।१४** गते दिनको २:०० वजे खोलिनेछ । वोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि सिलवन्दी वोलपत्र खोल्न कुनै वाधा पर्नेछैन ।
६) सिलवन्दीवोलपत्र खरिद गर्ने,पेश गर्ने र खोल्ने दिन सार्वजनिकविदा परेमा सोको भोलिपल्ट सम्म कायमहुनेछ ।
७) सिलवन्दीवोलपत्र पुरै वा आँशिक रुपमा स्वीकार गर्ने वाअस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।
८) यस सूचनामा उल्लेख नगरिएका विषयहरु प्रचलित ऐन तथा नियम बँमोजिम हुनेछ ।
९) सिलवन्दीवोलपत्रको कामको विवरण निम्नानुसार उल्लेख गरिएकोछ ।

| ठेक्का नम्बर | कामको विवरण | लागत रकम (भ्याट वाहेक) | धरौटी जमानत रकम रु | फाराम दस्तुर |
|---|---|---|---|---|
| ०४।०७५।७६ | विधुत लाइन विस्तार योजना चा.वि.न.पा. १,२ | रु ३,२७६,४१२।०० | कवोल अंकको २.५% | रु ३०००।०० |
| ०५।०७५।७६ | विधुत लाइन विस्तार योजना चा.वि.न.पा. | रु ३,१८९,७१२।०० | कवोल अंकको २.५% | रु ३०००।०० |

वाबुराम नेपाली
नि. प्रमुख प्रशासकीय अधिकृत